# भिमाद नगरपालिका

**BHIMAD MUNICIPALITY**

# नगर कार्यपालिकाको कार्यालय

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

## भिमाद, तनहुँ

**Bhimad, Tanahun**

२०७३/**2073**

गण्डकी प्रदेश, नेपाल

**Gandaki Province, Nepal**

नगर कार्यपालिकाको कार्यालय भिमाद, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

**प.सं./**Ref No.:- २०८१/०८२

**च.नं./**Des No.:-

तह वृद्धि गर्ने सम्बन्धी सूचना ।

सूचना नं. २-२०८१/०८२ (तहवृद्धि)

सूचना प्रकाशन मितिः २०८२/०३/२४

प्रस्तुत विषयमा गण्डकी प्रदेशवाट जारी स्थानिय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा २७ (२) अनुसार तह वृद्धि हुन योग्य यस कार्यालय र अन्तर्गत कार्यरत इच्छुक कर्मचारीहरुले देहायका आवश्यक कागजातहरु सहित तह वृद्धिको लागि सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र स्थानीय सेवा (गठन तथा संचालन) नियमावली, २०८० को अनुसूचि १५ वमोजिमको ढाँचामा २ प्रति आवेदन फाराम नेपाली कागजमा भरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र उल्लेखित ऐन तथा नियमावली वमोजिम तोकिएका आवश्यक कागजातहरु संलग्न नभएका आवेदन माथि कारबाही नगरिने र तहवृद्धिको प्रकृयामा समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

*स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमा:*

१. स्थानिय सेवा गठन तथा सञ्चलान ऐन, २०७९ को दफा २७ को उपदफा २ बमोजिमको सेवा शर्त र अवधि पूरा भएको हुनुपर्नेछ ।

२. स्वास्थ्य सेवा ऐन,२०५३ एवम नियमावली ,२०५५ बमोजिम स्तरवृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न हुनुपर्ने ।

३. स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (क) बमोजिमको नकारात्मक सूचिमा नपरेको हुनुपर्नेछ ।

४. स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूचि ११ बमोजिम अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको शाखा प्रमुखबाट प्रमाणित सिफारिस पत्र ।साथै अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवम अवधि खुल्ने कागजातहरुः कामकाज गर्न खटाईएको पत्र, रमाना पत्र र हाजिर भएको जानकारी पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

५. साबिक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भएका कर्मचारीहरुले यस नगरपालिकामा समायोजन भएको पत्र ।

स्थानिय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ३१ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ र सोही ऐनको दफा ४२ वमोजिम नकारात्मक सूचिमा नरहेको हुनुपर्नेछ ।

तह वृद्धिको लागि आवश्यक कागजातहरुः

१. पछिल्लो ५ वर्षको कार्यसम्पादन मूल्यांकन फारम,

२. शुरु स्थायी नियुक्तिको पत्र, तह वृद्धि हुने पद भन्दा एक तह मूनिको पद वा श्रेणीको स्थायी नियुक्ति र सो को लागि आवश्यक शैक्षिक योग्यताको प्रमाण पत्र,

३. समायोजन पत्र र अद्यावधिक PIS विवरण,

४. शुरु देखि हालसम्मको सेवा प्रमाणित हुने कागजातहरु ।

०१/२/२/२८

कमलप्रसाद पुन

प्रमुख प्रशासकीय अधिकृत

कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत

"शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनमा विस्तारः पूर्वाधार विकास समृद्ध भिमादको आधार"

**Contact No:- 065-572436, Website:bhimadmun.gov.np, Email:info@bhimadmun.gov.np, bhimadmunicipality@gmail.com**